# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७८/०७९

**विषय:- कवाड कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि विद्युतीय बोलपत्र आव्हानको सूचना।**

**प्रथम पटक प्रकाशित मिति: २०७९/०२/२५**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित मालसामान बाहेकका अन्य यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे बापतका स्थानीय सरकार संचालन एन २०७४ को प्रतिच्छेद ९ को दफा ६१ बमोजिम पुनः प्रयोग हुने मालसामानको कवाडी कर संकलन गर्न आगामी आ.ब. २०७९/०८० का लागि यस उप-महानगरपालिकावाट तोकिएको दररेट बमोजिम कर सकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाहरुको जानकारीको लागि यो ३० दिने बिधुतिय बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलका शर्तहरू</u>

१. न्युनतम ठेक्का अक रू. २,३९,३०,५२०।- (अक्षरुपी दुई करोड उन्नचालीस लाख तिस हजार पाँच सय बिस मात्र) मु.अ.कर. र अन्य कर बाहेक कायम गरिएको छ।

२. ठेक्काको आवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मितिले २०८० सालको असार मसान्त सम्म कायम गरिनेछ।

३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन, तोकिएको सिमांभन्दा बाहिर गई कर असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।

४. बिद्युतीय बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. ५००० (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

५. बोलपत्र मिति २०७९/०३/२४ गते दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ। बोलपत्र मिति २०७९/०३/२४ गते दिनको २:०० बजे खोलिने हुँदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।

७. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ छ। भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्ग को बाणिज्य बैंकहरुको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ। बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ।

८. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।

९. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी दुई किस्ताको रकम दुई किस्तामा दोश्रो किस्ता फाल्गुन मसान्त र तेश्रो किस्ता जेष्ठ मसान्त भित्र बुझाउन पर्नेछ।

१०. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।

११. कुनै पनि अवस्थामा कर छुटको लागि हक दाबी गर्न पाईने छैन। संकलन गर्ने करको दर रेट यस कार्यालयको वेबसाइटमा यसै सूचना संग राखिएको छ । बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१३. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

१४. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनबाट सरकारलाई बुझाउनु पर्ने बेरुजु कायम भएका फर्म/कम्पनीहरुले यस बोलपत्रको प्रक्रियामा भाग लिन पाउने छैनन्।

१५. यो सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाइट www.dhangadhimun gov.np बाट समेत हेर्न सकिनेछ।

कार्यालय : ०९१-५२११२९ , प्र.प्र. अधिकृत : ५२०४२९ अ., ५२१४२९ नि., दमकल : १०१, फयाक्स : ५२११२९, प्र.शा. : ५२०७२१

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुदूरपश्चिम प्रदेश, नेपाल
कवाड कर संकलन गर्ने कार्यका लागि विद्युतीय बोलपत्र आव्हानको टेण्डर फारम दस्तुर रु. ३०००/-

| सि.न. | ठेक्का कार्यको विवरण | कबोल गरेको बार्षिक ठेक्का रकम (VAT बाहेक) | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा रु. | अक्षरमा रु. | | |
| १. | कवाड कर संकलन गर्ने कार्यका लागि विद्युतीय बोलपत्र आव्हानको ठेक्का रकम | | | | |

<u>ठेकेदारको तर्फबाट</u>

नाम :

फर्म वा कम्पनीको नाम :

ठेगाना :

दस्तखत :

फोन न. :

मिति :